मिति: ३१ भदौ २०७७

**माननीय डा. शिवमाया तुम्बाहाङफेज्यू,**
**मन्त्री, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार**

**विषय : एसिडजन्य अपराध नियन्त्रणसम्बन्धी कानून तर्जुमाका लागि राय सुझाव उपलव्ध गराइएको बारे।**

**माननीय डा. शिवमाया तुम्बाहाङफेज्यू,**

एसिडजन्य तथा अग्निजन्य हिंसा पछिल्लो समयमा आएर अत्यन्त गम्भीर अपराधको रूपमा बढ्दो क्रममा रहेको छ । यस प्रकारको हिंसा जुनसुकै वर्ग, लिङ्ग, जातजाति, समूह वा कुनैपनि अवस्थाको मानिसमाथि हुनसक्ने हिंसा हो । विशेषगरी दक्षिण एसियाली मुलुकहरूमा यो लैंङ्गिक हिंसाको रूपमा पनि बढदै गएको छ । यसमा आक्रमणकारीको मुख्य उद्देश्य भनेको पीडकले आफ्नो अपुरो महत्वाकांक्षा पुरा गर्ने गलत सोच राख्ने, शरीरलाई कुरुप बनाई वा अङ्गभङ्ग गराई तथा जलाई आजीवन पीडामा राख्ने र कहिले पनि आफूमाथि भएको घटना नभुलोस् भन्ने पीडकको मनसाय रहेको देखिन्छ । त्यसैले तेजाब तथा अग्निजन्य हिंसा जानिजानि योजनाबद्धरूपमा तेजाब तथा अग्निजन्य पदार्थको प्रयोग गरी मानवमाथि गरिने हिंसात्मक आक्रमण र गम्भीर अपराध हो । नेपालमा भएका तेजाब तथा अग्निजन्य आक्रमणका विभिन्न हिंसाजन्य घटनाहरूको अध्ययन गर्दा यस्ता अपराधहरू प्रायजसो मानिसलाई चरम यातना, पीडा दिने, कुरुप र दृष्टिविहिन अन्धो तथा अंगभंग बनाउने समेत उद्देश्यबाट प्रेरित हुने गरेको देखिन्छ । साथै तेजाब तथा अग्निजन्य पदार्थको प्रयोगले यदाकदा मानिस मर्नेसम्मको परिणाम ल्याउने गरेको देखिन्छ । प्रायजसो यस्तो घटनाका कारण गम्भीर तथा अपुरणीय शारीरिक, मनोवैज्ञानिक, मानसिक, आर्थिक र सामाजिक क्षति उत्पन्न हुने गर्दछ । महिलामाथि हुने तेजाब तथा अग्निजन्य हिंसा भनेको परम्परागत पितृसत्तात्मक सोचको उपजसमेत हो । हाम्रो समाजमा समयमा नै एसिडजन्य अपराधलाई कठोर दण्ड सजाय र पीडितलाई उचित उपचार, क्षतिपूर्ति तथा अन्य राहतको विशेष कानूनी व्यवस्था नगर्ने हो भने पीडितले नै अझै पीडा पाउने सम्भावना बढ्दै जानेछ ।

**Burns Violence Survivor's-Nepal** ले सार्वजनिक गरेको सन् २०१६ को प्रतिवेदनमा ७ वर्षको अवधिमा (सन् २०१० देखि २०१६ सम्म) मुलतः घरेलु हिंसाका कारण २१८ वटा मुद्दाहरू जलाईएका वा एसिड प्रहार गरिएको मध्ये ८१ प्रतिशतभन्दा बढी महिलाहरु एसीडजन्य हिंसावाट पिडित भएको देखाइएको छ । जसमध्ये १०१ जनाको हत्या प्रयास गरिएको र ११७ जनाले आत्महत्या प्रयास गरेका थिए (BVS NEPAL NEWSLETTER- JULY, 2016) । त्यसमा पनि १३ देखि १८ वर्षभित्रका करिव १२ प्रतिशत बालिकाहरू र १९ देखि ४० बर्ष बीचका ७३ प्रतिशत किशोरीहरू यसको निशानामा परेको देखिन्छ । अपराधको मुख्य कारक तत्वको रुपमा घरायसी विवाद र प्रेम सम्बन्धमा आएको विचलनका कारण बढीमात्रामा त्यस्ता घटनाहरू भएको देखिन्छ ।

तेजाब तथा अग्निजन्य हिंसाका अधिकांश घटनामा मुख्य गरी एकतर्फी प्रेम सम्बन्ध, दाईजो प्रथा, लैंगिक हिंसा घरायसी झगडा जस्ता कारक तत्वको रूपमा रहेको देखाइएको छ । २०७७ साउन ११ मा एक अनलाइन खबरमा (https://www.onlinekhabar.com/2020/07/884616) प्रकाशित समाचारका अनुसार पछिल्लो ६ वर्षमा सार्वजनिक भएका एसिडजन्य घटनालाई हेर्ने हो भने नेपालमा प्रतिवर्ष करिव

चारवटा एसिडजन्य घटना भएको देखिन्छ । आ.व. २०७१/७२ देखि २०७६/७७ मा  २० वटा एसिडजन्य घटना भएका छन् । जसमा १८ जना महिला र ४ जना पुरुष उक्त घटनाबाट पीडित भएको जनाइएको छ ।

**तेजाब तथा अग्निजन्य हिंसाले पार्ने प्रभाव :** तेजाब तथा अग्निजन्य हिंसाको प्रभावले मानिसको शरीरमा कस्तो असर पर्न सक्दछ भन्ने विषयमा नेपालमा पछिल्लो समयमा बढ्दै गएका तेजाब तथा अग्निजन्य हिंसा र यसले पारेका प्रभावको विषयमा छुट्टै अध्ययन गर्नुपर्ने हुनसक्छ तर त्यस्ता घटनाले मानिसको ज्यानै जानेसम्मको परिस्थितिको श्रृजना हुनुको साथै शरीरको कुनै अंगहरू नै काम नलाग्ने गरी अपाङ्गता हुने, ज्ञानेन्द्रीय शक्ति गुम्ने वा क्षीण हुने संभावनाको साथै कुनैपनि व्यक्तिलाई एसिड प्रहार हुँदा निजको अनुहार र शरीरमा मात्र चोट लाग्दैन । उसको आत्मसम्मान तथा आत्मविश्वासमा पनि चोट पुग्दछ । जसको फलस्वरुप निजले पटक पटक पीडा तिरस्कार तथा हेला सहेर आजीवन बाँच्नुपर्ने हुन्छ र त्यसको पीडा उपचारपछि पनि पुरानै अवस्थामा फर्कन प्रायः असम्भव नै देखिन्छ । कतिपय महिलाहरूले मानसिक रूपमा परेको यस पीडालाई समाजमा सहन नसकी आत्महत्या समेत गर्ने गरेको उदाहरणहरू प्रशस्त छन् ।

**भारतको पन्जाबमा गरिएको एक अध्ययनले एसिडबाट हुने क्षतिलाई** पीडकले पीडितको अनुहार वा अन्य भागहरू जलाउने गरी वा छालाका तन्तुहरू नष्ट गर्ने र कहिलेकाहीँ हाडहरूसमेत टुक्रा टुक्रा हुनेगरी आक्रमण गरेको हुन्छ । अधिकांश घटनाहरूमा सल्फ्युरिक एसिड, नाईट्रिक एसिड वा हाईड्रोक्लोरिक एसिडको प्रयोग गरिएको पाइन्छ । यस प्रकारको आक्रमणबाट व्यक्तिको जीवनमा दीर्घकालीन रूपमा दृष्टिविहिन वा सदाका लागि अनुहार वा शारीरिक अपाङ्गताको अवस्था श्रृजना हुनुका साथै सामाजिक, मनोवैज्ञानिक र आर्थिक समस्याहरू पार लगाउनै नसक्ने गरी देखा पर्दछन् (*J Punjab Acad Forensic Med Toxicol 2013;13(2) 60 Editorial, ACID THROWING: A CAUSE OF CONCERN, at http://medind.nic.in/jbc/t13/i2/jbct13i2p60.pdf).*

## एसिडजन्य अपराध नियन्त्रणका सम्बन्धमा भएका अन्य देशका केही अभ्यासहरू :

**भारतः** भारतमा कसूरको गम्भीरताको आधारमा कम्तिमा १० वर्षदेखि जन्मकैदसम्मको व्यवस्था गरेको छ भने पीडितलाई अन्तरिम राहतदेखि पुनर्स्थापना उपचार र सीप तथा रोजगारी दिने अभ्यासहरू प्रचलित छन् । त्यसैगरी भारतको दण्ड संहितामा सबै तहका सरकारी तथा निजि अस्पतालहरूमा एसिड पीडितका लागि तत्काल निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरेको देखिन्छ । एसिडले मानव शरीरमा पार्ने क्षतिलाई विचार गरी त्यस्तो क्षतिको तत्काल न्यूनीकरणको लागि उक्त व्यवस्था गरेको देखिन्छ (All hospitals, public or private, whether run by the Central Government, the State Government, local bodies or any other person, shall immediately, provide the first-aid or medical treatment, free of cost, to the victims of any offence covered under section 326A, 376, 376A, 376B, 376C, 376D or section 376E of the Indian Penal Code and shall immediately inform the police of such incident.*"Indian Penal Code section* **357C**, ***Free Medical Treatment)*** एसिडबाट घाइते व्यक्तिको तत्काल उपचार हुन सके पीडितमाथि हुनसक्ने क्षतिलाई न्यून गर्न सकिन्छ भने कुनैपनि पीडित आर्थिक अभावका कारणले उपचार हुन नसकी पुनः पीडित भएर बाँच्नु पर्दैन भन्ने मान्यतामा आधारित भएर यस प्रकारको पीडितको उपचारको जिम्मेवारी राज्यले लिने व्यवस्था गरेको छ । यसै सन्दर्भमा एसिड आक्रमणजन्य हिंसाको अन्त्यका लागि राज्यका निकायलाई जावाफदेही बनाउन भारतको न्यायालयले पनि महत्वपूर्ण भूमिका खेलेका दृष्टान्तहरू छन । उदाहरणको लागि भारतको उच्च अदालतले *Renu Sharma v GNCT OF Delhi and ORS* (W.P.(C) 2229/2016) मुद्दामा पीडितलाई निशुल्क स्वास्थ्य उपचारको साथै

पीडितको शैक्षिक योग्यताअनुसार रोजगारीको अवसर प्रदान गर्न विपक्षीको नाममा आदेश दिएको देखिन्छ ( LNJP is directed to provide free medical treatment to the petitioner. Cost, if any, for the petitioner's treatment at LNJP shall be borne by the Govt. of NCT of Delhi. Govt. of NCT of Delhi is directed to provide employment to the petitioner on compassionate basis appropriate to her educational qualification as well as medical status. Petitioner's medical bills up till date are directed to be scrutinized by an officer appointed by Finance Secretary of Govt. of NCT of Delhi. The medical bills found to be genuine are directed to be reimbursed to the petitioner. As stated hereinabove, the ceiling of Rs. 7 lacs mentioned in Govt. of NCT of Delhi circular shall not come in the way of the State reimbursing the petitioner's medical bills "on actual basis."Also if the petitioner is entitled to any further interim relief, the same may be granted to her by the State in accordance with its policies").

**बंगलादेशः** एसिड आक्रमण नियन्त्रणमा बंगलादेशको प्रयास पनि उल्लेख्य रहेको छ । बंगलादेशमा सन् २००२ मा *एसिड आक्रमण नियन्त्रण ऐन* (Acid Crime Control Act_ / *Pl;8 lgoGq0f P]g* -Acid Control Act) बनाई कार्यान्वयनमा ल्याएको पाइन्छ । यस ऐनले बंगलादेशमा यस्ता अपराधीलाई मृत्युदण्डको सजायसम्मको व्यवस्था गरेको छ । यस ऐनअनुसार एसिड आक्रमणको मुद्दामा विशेष कार्यविधि अपनाउनु पर्ने व्यवस्था गरेको छ । त्यसैगरी एसिडको प्रयोगमा नियन्त्रण, एसिडको प्रयोगको अनुगमन, नियमन, बिक्री वितरण, खरिद, भण्डारण, ओसारपसार, निकासी पैठारी समेतलाई कानुनी शासनको अधिनमा ल्याएको छ । यो ऐन लागू भएपछि *बंगलादेशमा १५ प्रतिशतले एसिड आक्रमण कम भएको* विभिन्न अध्ययनले देखाएको छ ।

**अफगानिस्तानः** अफगानिस्तानले सन् २००९ मा महिलाविरुद्धको हिंसासम्बन्धी कानून पारित गरेको छ, जसमा *एसिड आक्रमणजस्ता घटनामा १० बर्षदेखि आजीवन कारावास हुने* व्यवस्था छ ।

**कम्बोडिया :** कम्बोडियामा २०११ मा *एसिड नियन्त्रण ऐन* जारी गरिएको छ । यस ऐनले *एसिडको बिक्री वितरणमा नियमन गर्दै दोषीलाई ३० बर्षसम्मको सजायको व्यवस्था गरेको छ ।*

बेलायत : बेलायतमा यस्ता अपराधीलाई आजीवन कारावास सजायको व्यवस्था गरेको छ ।

**नेपालको विद्यमान कानुनमा एसिडजन्य अपराध नियन्त्रण र पीडितको संरक्षणसँग सम्बन्धित प्रावधानहरू :**

**फौजदारी अपराध संहिता, २०७४:** २०७५ भाद्र १ देखि लागू भएको मुलुकी अपराध संहिता २०७४, को दफा १९३ अनुसार कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पार्ने काम गर्नु वा गराउनु हुँदैन भन्ने उल्लेख छ । कसैले यस्तो कसूर गरे कसूरको प्रकृति हेरी <u>अनुहार कुरुप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना</u> र *शरीरको अन्य अङ्ग कुरुप पारेमा वा शरीरमा पीडा पुऱ्याएमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना* हुने व्यवस्था छ । जरिवानाबापत प्राप्त पूरै रकम *पीडितलाई क्षतिपूर्तिबापत दिनुपर्ने* व्यवस्था गरेको छ । आधुनिक फौजदारी न्याय प्रणालीको हदैसम्मको परिमार्जित भनिएको यस संहिताले समेत यस्तो जघन्य र मानवताविरुद्धको अपराधलाई समुचित सम्बोधन गर्न असफल भएको छ ।

तर बिगतमा एसिडजन्य घटनालाई नेपालको कानूनले केही मात्र भएपनि संबोधन गरेको देखिएपनि उस्तै प्रकृतीको अग्निजन्य हिंसालाई भने समेट्न नसकेको अवस्था देखिन्छ । रासायनिक पदार्थहरू जस्तै मट्टितेल, पेट्रोल आदि जस्ता प्रज्वलनशील पदार्थको प्रयोग गरी वा शरीरमा छर्की जलाई जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पार्ने काम गर्ने वा गराउने कार्यहरू निरन्तर भइराखेको अवस्था छ । एसिडजन्य हिंसा जस्तै अग्निजन्य हिंसाको पनि उस्तै प्रभाव हुने र शरीरमा मात्र चोट लाग्दैन, उसको आत्मसम्मान तथा आत्मविश्वासमा पनि चोट पुग्दछ । जसको फलस्वरुप निजले पटक पटक पीडा, तिरस्कार तथा हेला सहेर आजीवन बाँच्नुपर्ने हुन्छ र त्यसको पीडा उपचारपछि पनि पुरानै अवस्थामा फर्कन प्रायः असम्भव नै देखिन्छ । कतिपय महिलाहरूले मानसिक रूपमा परेको यस पीडालाई सहन नसकी आत्महत्या समेत गर्ने गरेको उदाहरणहरू प्रशस्त छन् । त्यसैले नयाँ बन्ने कानुनमा एसिडजन्य हिंसा सँगै अग्निजन्य हिंसालाई पनि समेट्नु पर्ने उत्तिकै आवश्यक रहेको छ ।

**एसिडजन्य हिंसा तथा अपराध नियन्त्रणका लागि सर्वोच्च अदालतका आदेशहरू :**

क) तत्कालीन कानूनमा देखिएको रिक्तताको अन्त्य तथा पीडितको न्यायमा पहुँचका लागि न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल) को तर्फबाट **अधिवक्ता शशी बस्नेत समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत** (०७३-WO-०१८१ आदेश मितिः २०७४/०४/२५) मा सर्वोच्च अदालतले निम्न आधार देखाई देहाय बमोजिमको आदेश जारी गरेको पाइन्छ ।

"महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) १९७९, महिला अधिकारसम्बन्धी *महासन्धि समेतका नेपाल पक्ष रहेका प्रचलित मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले महिलाविरुद्ध शारीरिक, मानसिक, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्यलाई निषेध गर्नुका साथै लैगिंक हिंसा अन्त्यका लागि पक्ष राष्ट्रले यथोचित उपायहरूको अवलम्वन गर्नुपर्ने व्यवस्था गरेको र अन्तर्राष्ट्रिय महासन्धिमा भएका व्यवस्थाको पालना गर्ने नेपाल सरकारको दायित्व रहेको सन्दर्भमा महिला हिंसाको लागि हतियारको रूपमा एसिडको प्रयोगलाई नियन्त्रण गरी समाजलाई सुरक्षित राख्न एंव पीडितलाई पर्नसक्ने शारीरिक एंव मानसिक असर नियन्त्रणका लागि निम्नानुसारका विषयमा तत्काल उपर्युक्त व्यवस्था गर्न विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।*

*(१) एसिड आक्रमणबाट पीडित व्यक्तिको निःशुल्क आकस्मिक उपचारको व्यवस्था मिलाउन तथा प्रतिवादीबाट भराई पाउने रकमको सिमा भन्दा बढी खर्च उपचारमा लाग्ने भएमा सोको लागि सरकारले उचित प्रवन्ध गर्न,*

*(२) एसिडको उत्पादन, ओसारपसार, बिक्री वितरण सम्बन्धमा नियमनकारी प्रवन्ध गर्न,*

*(३) एसिड आक्रमणको उद्योगलाई अपराध घोषित गर्न,*

*(४) विपन्न वर्गको व्यक्ति पीडित भएमा निजलाई गरिने उपचार लगायतका क्षतिपूर्ति र पुनर्स्थापनाका कार्य राज्यको दायित्वमा पर्नेगरी उपयुक्त कानून र संरचनाको प्रबन्ध गर्न र*

*(५) एसिडको दुरुपयोगबाट के कस्ता दुष्परिणाम आउन सक्छन्, यसबाट बच्ने उपायहरू के के हुन सक्छन्, प्राथमिक चिकित्सा, औषधोपचार केन्द्र जस्ता विषयहरूमा उपयुक्त माध्यमबाट प्रभावकारी सचेतनामूलक (Awareness) कार्यक्रम संचालन गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था गर्न ।*

ख). महिला पुनर्स्थापना केन्द्रको तर्फबाट र आफ्नो हकमा समेत ऐ. का महासचिव **अधिवक्ता ज्योति पौडेल समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरबार काठमाडौं समेत**, (ने.का.प. २०६६ अंक: १२ ) मा सर्वोच्च अदालतले निम्न आधार देखाई देहाय बमोजिमको आदेश जारी गरेको पाइन्छ।

१) निवेदकद्वय आफूलाई पतिले एसिड खन्याएकोले कारवाहीको लागि प्रहरीसमक्ष उजुरी लिएर जाँदा नलिएको भन्ने देखिन्छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को कमजोरीमाथि उल्लेख गरिसकिएको छ । जाहेरी लिएर दर्ता गरेकै भएपनि प्रहरीको अधिकार के हुने, प्रहरीले अनुसन्धान गर्न पाउने नपाउने, मुद्दा चलाउन पाउने नपाउने भन्ने बारे ऐन मौन छ, ऐनमा कुनै व्यवस्था देखिँदैन । महिला पीडित भएको घरेलु हिंसासम्बन्धी अपराधमा घरेलु हिंसाको अपराधको परिभाषा व्यापक गरी प्रभावकारी सजायको व्यवस्था गरी घरेलु हिंसासम्बन्धी अपराधलाई माथि उल्लेख गरिएको कारणले गर्दा सरकारवादी पनि बनाई Private Prosecution को पनि Option ` कानूनी व्यवस्था गरी सकभर तालिम प्राप्त महिला प्रहरी अनुसन्धानकर्ताद्वारा अपराधको अनुसन्धान हुन उपयुक्त हुने हुनाले महिला पीडित हुने घरेलु हिंसासम्बन्धी मुद्दाको कानूनलाई माथि उल्लेख गरिएका कुराहरू पनि समावेश गरी संशोधन गरी अपराधको अनुसन्धान उपलब्ध भएसम्म महिला प्रहरीद्वारा गराउने कानूनी व्यवस्था गर्ने ।

२) महिला विरुद्ध हुने घरेलु हिंसासम्बन्धी यस्ता अपराधबाट पीडित व्यक्ति महिला हुने हुँदा घरेलु हिंसाबाट पीडितले चाहेमा पीडित महिलाको लागि उपलब्ध भएसम्म महिला कानून व्यवसायी, महिला कानून व्यवसायी उपलब्ध नभए अन्य लिङ्गीय कानून व्यवसायीको सेवा निःशुल्क राज्यले निरन्तर उपलब्ध गराउने व्यवस्था गर्ने।

३) वर्तमान कानूनअनुसार महिला पीडित हुने यस्ता घरेलु हिंसासम्बन्धी मुद्दा पनि साधारण जिल्ला अदालतबाट हेर्ने व्यवस्था भएको देखिन्छ । घरेलु हिंसा कसूर र सजाय ऐन, २०६६ को दफा ७ मा बन्द इजलासबाट हेर्ने भन्ने व्यवस्था भएतापनि साधारण अदालतबाट मुद्दा हेरिँदा घरेलु हिंसा पीडित महिलाले न्याय छिटो छरितो र सुलभ तरिकाले पाउन सक्ने देखिँदैन । तसर्थ घरेलु हिंसाबाट पीडित मुद्दाका लागि उपलब्ध भएसम्म महिला न्यायाधीशहरूले मुद्दा हेर्ने व्यवस्था गरी शुरु तहमा छुट्टै Fast Track Court गठन गर्न वाञ्छनीय हुन्छ । तर हामी कहाँ महिला न्यायाधीशको संख्या ज्यादै कम भएकोले त्यो सम्भव नहोला । घरेलु हिंसा पीडित मुद्दाको लागि छुट्टै अदालत गठन गर्दा नेपाल सरकारले संविधानको धारा १४(३) को प्रतिवन्धात्मक वाक्यांशको व्यवस्था र धारा २० को महिलाको मौलिक हकको संरक्षण गर्ने आफ्नो संवैधानिक कर्तव्य पुरा गरेको मानिन्छ । महिला र बालबालिका दुवै अति संवेदनशील वर्ग हुन् । यी दुवै वर्गलाई राज्यको संरक्षण आवश्यक पर्छ । महिला पीडित भएको सबै खाले मुद्दा र खास गरी घरेलु हिंसासम्बन्धी महिला पीडित भएको मुद्दामा अन्य मुद्दामा जस्तो साधारण अदालतबाट मुद्दा हेरिँदा महिलाहरूले न्याय पाएपनि लामो परिश्रम र ढिला गरी न्याय पाउने र न्याय पाउन सामान्य अदालतमा जाँदा हतास र humiliated भएर न्याय प्राप्ति गर्ने अवस्था आउँछ । त्यसैले राज्यले महिला पीडित भएका सबै खाले फौजदारी मुद्दा र खासगरी घरेलु हिंसासम्बन्धी मुद्दा मात्र हेर्ने बेग्लै अदालत गठन गर्दा त्यस्तो अदालतबाट पीडित महिलाले छिटो छरितो र humiliated नभई शुलभ न्याय पाउने हुनाले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडित मुद्दा हेर्ने एउटा छुट्टै Fast Track Court गठन गर्नेतर्फ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको ध्यानाकर्षण गरिएको छ ।

ग). रामेछाप जिल्ला खनियापानी ८ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३ झोंछे बस्ने **संगिता मगर भन्ने खड्गमाया पुलामीसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा**

**मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत** ( २०७६ ने.का.प अंक: ३) मा सर्वोच्च अदालतले निम्न आधार देखाई देहाय बमोजिमको आदेश जारी गरेको पाइन्छ ।

१. मुलुकी ऐन, कुटपिटको महलको १४ क नं. मा भएको व्यवस्था मानिसको जिउ ज्यानको सुरक्षासँग जोडिएको गम्भीर फौजदारी अपराधभित्र पर्ने विषय भएको तर त्यस्तो गम्भीर अपराधलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची (१) मा समावेश गरिएको नपाइँदा उक्त अपराधलाई समेत सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची(१) मा समावेश गर्ने ।

२. अपराधबाट पीडितले समयमा उपचार प्राप्त नगर्दा र उपचार गराउने खर्चको व्यवस्था गर्न नसक्दा पछि प्राप्त गर्ने घाउ खर्च र क्षतिपूर्तिले पीडितको तत्कालको पीडालाई परिपूरण गर्न नसक्ने हुँदा मुद्दा दर्ता गर्दाका अवस्थामा पीडितले घा खर्च प्राप्त गर्ने गरी कानूनमा व्यवस्था गर्ने ।

३. कुटपिटको महलको १४क नं. बमोजिम जरिवाना बमोजिमको रकम नै पीडितले घा खर्चबापत पाउने भन्ने व्यवस्था रहेको देखिन्छ । जरिवाना असुल नभएको अवस्थामा पीडितले घा खर्च प्राप्त गर्न नसक्ने अवस्था रहन्छ । यस्तो व्यवस्था पीडितको पक्षमा भएको मान्न सकिँदैन । तसर्थ सिधै पीडितले घा खर्चको रकम पीडकबाट प्राप्त गर्ने, पीडकबाट तत्काल उपलब्ध गराउन नसक्ने अवस्था भएमा राज्य पक्षबाट उपलब्ध गराउने र पछि कसुर ठहर भएपछि पीडकबाट जरिवानासरह लिन पाउने गरी कानूनमा परिमार्जन गर्ने ।

४. तेजाब वा पेट्रोल तथा मट्टितेल छर्केर गर्ने अपराध मानिसको बाँच्न पाउने अधिकार (Right to life) सँग सम्बन्धित हुन्छ । तेजाब वा पेट्रोल तथा मट्टीतेल छर्की गरिने अपराधबाट मानिस बाँच्न सकेपनि मानिसको शरीर नै कुरूप हुने, जीउमा गम्भीर जखम भई आजीवन त्यसको पीडा र उपचार गराउनु पर्ने अवस्थाको सिर्जना हुन सक्ने, जिउमा पुगेको क्षतिको कारण पीडितले आफ्नो इच्छा चाहना मारेर बस्नु पर्ने अवस्थाको सिर्जना हुने, आफ्नो जीवनदेखि नै निरास हुने अवस्था पनि रहने हुँदा यस्ता अपराधबाट पीडित हुन पुगेका पीडितहरूको सम्मानपूर्वक जीवनयापन गर्ने वातावरणको सुनिश्चितता गर्न उचित तालिमहरू प्रदान गरी पीडितहरूमा अन्तर्निहित क्षमताको उपयोग गर्ने अवसर सिर्जना गर्ने, जीवनप्रति उत्साह र उत्प्रेरणा जगाउने खालका मनोवैज्ञानिक सामाजिक परामर्श र सामाजिक सुरक्षा प्रदान गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालयबाट कार्ययोजना बनाई लागू गर्ने ।

५. सुगम ठाउँ तथा सहरमा घट्ने एसिड, पेट्रोल तथा मट्टितेल छर्की वा खन्याई आगो लगाउने कार्यबाट पीडित व्यक्तिले समयमा उचित उपचार प्राप्त गर्न नसकेमा पीडितको शरीरमा बढी पीडा भई पीडितको मृत्युसमेत हुन सक्ने भएको हुँदा नेपालका सरकारी तथा निजी अस्पतालहरूमा तत्काल अनिवार्य रूपमा बर्न युनिट स्थापना गरी निःशुल्क उपचारको व्यवस्था मिलाउने र सम्भव भएसम्म ग्रामीण भेगका स्वास्थ्य चौकीहरूमा पनि यस्तो सेवा विस्तार गर्न नेपाल सरकारका सम्बन्धित निकायहरूले प्रवन्ध गर्ने ।

नेपालमा बढ्दो एसिड हिंसाको घटनाप्रति चासो राख्दै एम्नेस्टी इन्टरनेसनल नेपालले गत मंसिरदेखि माघसम्ममा देशव्यापी रूपमा सञ्चालन गरिएको पत्रलेखन अभियानका क्रममा माननीय गृहमन्त्री रामबहादुर थापाज्यूलाई संबोधन गर्दै एसिडजन्य पदार्थको बिक्रीवितरणमा कडा कानुनी नियमनको व्यवस्था गर्न माग गर्दै लेखिएको ३३ हजार पत्र सङ्कलन गरी फाल्गुन ८ मा गृह मन्त्रालायका उपसचिवज्यूलाई एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरिएको थियो ।

**संसदका समितिहरूको भूमिका** : एसिडजन्य अपराध नियन्त्रणका लागि तथा सर्वोच्च अदालतको आदेशको कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले संसदको कानून, न्याय तथा मानवअधिकार समितिको मिति २०७७/०४/११ मा बसेको बैठकले (यस बैठकको छलफल र सहजीकरणका लागि एसिडसँग सम्बन्धित कानूनका विषयमा जुरी-नेपालले विशेष प्रस्तुति समेत गरेको थियो) सरोकारवालाहरूलाई समेत आमन्त्रण गरी यससम्बन्धी कानून निर्माणको प्रकृयालाई अघि बढाउनका लागि सोही दिन सरकारलाई निर्देशन गरेको छ । साथै सोही दिन एसिडबाट प्रभावित व्यक्तिहरूसँग बसेको संसदको महिला तथा सामाजिक समितिको बैठकले समेत यसै विषयमा भएको रिक्ततालाई पुरा गरी नयाँ कानून तर्जुमा गर्न सरकारको ध्यानाकर्षण गरेको थियो ।

**प्रधानमन्त्रीसँग एसिडबाट पीडित तथा प्रभावितहरूको छलफल** : यी महत्वपूर्ण विषयमा सरकारको पनि ध्यानाकर्षण भएको देखिएको छ । यसै सन्दर्भमा यही २०७७ भदौ २५ गते एसिडबाट पीडित तथा प्रभावित व्यक्तिहरूसँगको छलफलपछि सम्माननीय प्रधानमन्त्रीज्यूले एसिडजन्य अपराध नियन्त्रण र पीडितको उपचार, क्षतिपूर्ति तथा राहत र सजायका सम्बन्धमा नेपाल सरकारले १५ दिनभित्र अध्यादेश ल्याउने विषय सार्वजनिक भएकोमा हामीलाई खुसी लागेको छ ।

**त्यसैले देहायमा उल्लिखित पीडित तथा न्याय, कानून तथा मानवअधिकारको क्षेत्रमा क्रियाशील सामाजिक सङ्घ संस्थाको तर्फबाट सरकारले तर्जुमा गर्न लागेको अध्यादेशमा देहायबमोजिमको विषय समावेश गर्न निम्न बमोजिमका सुझाव पेश गरेका छौं ।**

**सुझाव नं १. एसिडजन्य अपराधमा संलग्न हुने व्यक्तिलाई हुने सजायका सम्बन्धमा** : तेजाब वा अग्निजन्य हिंसाको कसूरलाई गम्भीर फौजदारी कसूर मान्दै अपराधीलाई कडा सजाय गर्न यस्ता अपराधका पीडकलाई जन्मकैदको व्यवस्था गरिनुपर्दछ । यो एसिडले मानिसको ज्यान समेत जान सक्ने, अंगभंग हुन सक्ने तथा यसले असह्य पीडा र चोट दिन्छ भन्ने जान्दाजान्दै आक्रमण गर्ने कसूरलाई गम्भीर फौजदारी कसूर मान्दै आजीवन कारावासको व्यवस्था गरिनुपर्दछ र हालको अनुहार र शरीरमा भएको पीडा अनुसार फरक सजायको व्यवस्थालाई हटाई शरीरको जुनसुकै भागमा चोट लागे पनि कसूरदारको उद्देश्य अनुहारमा पीडा पार्ने भएकाले अनुहार र शरीर भनी नछुटाई सजायमा एकरुपता गर्नुपर्ने । साथै यस अपराधलाई कुनै पनि हालतमा कैद निलम्बन, छुट् गर्न नसकिने सूचीमा समावेश गरिनु पर्ने ।

**सुझाव नं २. क्षतिपूर्ति र अन्तरिम राहत सम्बन्धमा** : यस ऐनमा पीडितलाई तोकिएका अस्पतालमा उपचारको लागि लाग्ने सम्पूर्ण रकमको खर्च तथा त्यसको उपचारमा संलग्न व्यक्तिको लागि लाग्ने खर्च समेतको दायित्व, पीडितलाई उचित क्षतिपूर्तिका अलावा उपचार, पुनर्स्थापना, शिक्षा, अन्तरिम राहत र रोजगारीको दायित्व राज्यले व्यहोर्ने गरी कानूनी व्यवस्था गरिनुपर्दछ । राज्यले पीडितलाई दिने क्षतिपूर्ति र उपचार खर्च मुद्दाको टुंगो लागेपछि उक्त रकम पीडकबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था गरिनुपर्दछ । कुनै पनि नागरिकको सुरक्षाको जिम्मा राज्यको हो । राज्यले त्यस्तो जिम्मा पुरा गर्न नसक्दा नागरिकहरू अपराधको शिकार हुन्छन् । अपराधी फरार हुँदा तथा अपराधी पत्ता नलागे पनि पीडितलाई उचित क्षतिपूर्तिका अलावा उपचार, पुनर्स्थापना, शिक्षा र रोजगारीको दायित्व राज्यले व्यहोर्ने गरी कानूनी व्यवस्था गरिनुपर्ने ।

यसका साथै क्षतिपूर्ति न्यायकर्मीको तजबिजका भरमा छोडिनु हुँदैन । यसले एउटै प्रकारको चोट भएको पीडितबीच पनि फरक फरक क्षतिपूर्तिको फैसला आउन सक्दछ । जसले गर्दा पीडित पीडितबीच विभेदको

अवस्था आउन सक्दछ । अतः न्यूनतम क्षतिपूर्तिको अंक कानूनमा नै तोकिने व्यवस्था गरिनुपर्दछ । साथै मनासिव क्षतिपूर्तिका लागि भने चिकित्सक सहितको एउटा विशेषज्ञ समिति कानूनमा व्यवस्था गरी सो समितिले सिफारिस गरेबमोजिमको क्षतिपूर्ति पीडितले राज्यमार्फत तत्काल पाउने व्यवस्था हुनुपर्दछ । विशेषज्ञ समितिले क्षतिपूर्तिको सिफारिस गर्दा मानसिक स्वास्थ्यमा पर्न गएको क्षतिलाई पनि आधार लिने व्यवस्था हुनुपर्ने ।

**सुझाव नं ३. पीडितको उपचार खर्चका सम्बन्धमा** : नेपालका सरकारी तथा निजी अस्पतालहरूमा तत्काल अनिवार्य रूपमा बर्न युनिट स्थापना गरी निःशुल्क उपचारको व्यवस्था मिलाउने । त्यसका लागि सबै प्रदेश तहमा बर्न युनिट सहितको अस्पतालको व्यवस्था गर्ने र सम्भव भएसम्म ग्रामीण भेगका स्वास्थ्य चौकीहरूमा पनि यस्तो सेवा विस्तार गर्ने । त्यसका लागि पीडितलाई तत्काल आवश्यक रकम उपलब्ध हुनेगरी आकस्मिक स्वास्थ्य कोष खडा गरी उक्त कोषमार्फत अत्यावश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने । यसका साथै एसीड प्रभावितलाई दिर्घकालिन रुपमा मनोसामाजिक असर पर्ने हुँदा, यसका लागि सरकारले अनिवार्य रुपमा पीडित र परिवारका सदस्यलाई विज्ञ मनोसामाजिक परामर्शकर्ताबाट अनिवार्य रुपमा मनोपरामर्श सेवा प्रदान गर्नुपर्दछ ।

**सुझाव नं ४. विशेष सामाजिक संरक्षण र क्षतिपूर्तिका अन्य दायित्वका सम्बन्धमा** : पीडितलाई आवश्यक पर्ने शिक्षा तथा निज रोजगारीको लागि उपयुक्त भएमा निजलाई नै र निजको अवस्था रोजगार गर्नसक्ने नभएमा एकाघरमा संरक्षण गर्नेमध्येका कम्तिमा एकजना परिवारको रोजगारीको व्यवस्थाका साथै त्यस्ता व्यक्तिलाई तत्कालै आवश्यकता अनुसार सामाजिक सुरक्षा भत्ता लगायतका सुविधा राज्यबाट उपलब्ध गराइनुपर्ने ।

**सुझाव नं ५. तेजाब वा अग्निजन्य हिंसाबाट पीडितका आश्रित व्यक्तिका सन्दर्भमा** : कुनैपनि व्यक्ति सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति संविधानले गरेको छ । यसप्रकारका अपराधवाट पीडित व्यक्ति स्वयं आफै नै परिवारको मुख्य व्यक्ति भई निजको स्वास्थ्य अवस्थामा आएको जोखिम वा निजको मृत्यु भएका कारण परिवारको आर्थिक अवस्था जोखिममा पर्ने भएमा त्यस्ता व्यक्तिका लागि विशेष संरक्षणको व्यवस्था गरिनु आवश्यक देखिन्छ । त्यसका लागि एकापरिवारका त्यस्ता व्यक्तिसँग आश्रित सबै बालबालिकालाई उच्च शिक्षासम्म निःशुल्क शिक्षा, शैक्षिक अनुदान, रोजगारीमा पहुँच तथा विशेष सहुलियत र आर्थिक अवस्था कमजोर भएका परिवारको हकमा तत्काल जीवन निर्वाहका लागि आवश्यक पर्ने रकम लगायत विषयमा कानूनले सम्बोधन गर्नुपर्ने ।

**सुझाव नं ६. पीडित तथा निजको परिवारको शान्ति सुरक्षा र यसबाट श्रृजित हुने विभेदको सन्दर्भमा :** तेजाब वा अग्निजन्य हिंसाबाट पीडित व्यक्ति तथा निजको परिवारको शान्ति सुरक्षामा चुनौति देखिएमा त्यस्ता व्यक्ति तथा परिवारको शान्ति सुरक्षाको प्रत्याभूति राज्यले गर्ने विषयमा कानूनमा स्पष्टता आवश्यक पर्दछ । साथै समाजमा यस प्रकारका व्यक्तिमाथि अनेक प्रकारका विभेद र बहिस्करणका घटनाहरू पनि हुनसक्ने भएकोले त्यस्ता विभेदका घटना भएमा के कस्तो कानूनी कारवाही गर्ने भन्ने विषयमा पनि कानूनमा स्पष्टता हुनुपर्ने ।

**सुझाव नं ७. एसिडको बिक्री वितरणलाई नियन्त्रण गर्ने सम्बन्धमा** : हाम्रो छिमेकी देश भारतलगायत अन्य देशमा पनि एसिडको उत्पादन, ओसारपसार तथा बिक्री वितरणलाई विशेष होसियारीका साथ बिक्री वितरण गर्ने वस्तुको रूपमा ग्रहण गरी इजाजतपत्र प्राप्त बिक्रेतालाई ग्राहकको परिचयको विवरण लिएर

मात्र यस्तो पदार्थ बिक्री वितरण गर्ने व्यवस्था छ । त्यसैले हाम्रो देशमा पनि एसिड बिक्री वितरणको मापदण्ड र प्रक्रिया तोकिनुपर्दछ । उदाहरणका लागि एसिडको खरिदकर्ताको पहिचान विवरण, उमेरको हद, भण्डारण पद्दति, सुरक्षा निगरानी, सञ्चय परिमाण घोषणा आदि बिक्री वितरणको मापदण्ड तोकिनुपर्दछ । उक्त मापदण्डमा कुनै पनि वैज्ञानिक परीक्षण वा व्यावसायिक प्रयोजनका लागि मात्र खरिद बिक्री गर्न मिल्ने व्यवस्था आवश्यक देखिन्छ । सो बाहेक जहाँतहीँ बिक्री वितरणमा पूर्ण प्रतिवन्ध लगाउने व्यवस्था गरिनु पर्दछ । खरिद बिक्रीको मापदण्ड उल्लंघन गर्ने खरिदकर्ता र बिक्रीकर्तालाई पनि सजायको दायरामा ल्याइने व्यवस्था आवश्यक छ । त्यसका लागि कानुनमा नै यसको बिक्री वितरणलाई नियमन गर्नेगरी प्रावधान राखिनु आवश्यक देखिन्छ । यदि मापदण्डविपरित कसैले एसिड खरिद बिक्री गरेर कुनै अपराध घटेमा बिक्री गर्ने व्यक्तिलाई अपराधको मतियारको रूपमा कारबाही गर्ने व्यवस्था गनुपर्ने ।

**<u>सुझाव नं ८.</u> तेजाब तथा अग्निजन्य हिंसाको उपचार र प्रभावका विषयमा जनचेतनाका सन्दर्भमा** : सबै तहमा एसिडको दुरुपयोगले निम्तिन सक्ने खतरा र यससम्बन्धी कानूनी व्यवस्थाका विषयमा नागरिक तहमा जानकारी गराउन सकिएमा पनि केही हदसम्म यसको नियन्त्रण हुन सक्छ । त्यसैले सरकारका विभिन्न निकाय र नागरिक संघ संस्थाको भूमिकाको विषयमा पनि कानूनले जिम्मेवारी दिनु उपयुक्त हुन्छ । अपराध भैसकेपछि ठूलो रकम खर्चिनुको अलावा नियन्त्रणात्मक तथा जनचेतना जगाउने पक्षमा जोड दिने गरी कानूनको तर्जुमा गरिनुपर्ने ।

**<u>सुझाव नं ९.</u> कानूनले सम्बोधन गर्नुपर्ने अन्य विविध विषयहरू :**

१.पीडित मैत्री अदालत र मुद्दाको सुनुवाइ प्रक्रियाका सन्दर्भमा हालको ऐनले नसमेटेकाले नयाँ ऐनमा पीडित मैत्री अदालत र मुद्दाको सुनुवाइ प्रक्रिया बनाउन निम्नबमोजिमको व्यवस्था सुनिश्चित गरिनुपर्ने :

क. हाल पीडितले न्याय पाउन धैरै समय लाग्ने गरेको छ । त्यसैले सुनुवाइ पद्दति छिटोछरितो बनाउन यस्ता मुद्दालाई निरन्तर सुनुवाइभित्र समावेश गरिनु आवश्यक छ । नयाँ ऐन वा कानूनमै कम्तीमा तीन महिनाभित्र फैसला गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । फैसला भएको ४५ दिन भित्र *क्षतिपूर्ति प्राप्त गर्ने* व्यवस्था गरिनु पर्दछ ।

ख. बन्द इजलास र पीडितको गोपनीयताको व्यवस्था कानूनमै स्पष्ट हुनुपर्दछ । साथै पीडितमैत्री सुनुवाइ पद्धति कानूनमै स्पष्ट हुनुपर्ने ।

ग. पीडितलाई सुनुवाइमा अनिवार्य रूपमा सहभागी हुने मौका प्रदान गर्ने व्यवस्था कानूनमै गरिनुपर्ने ।

घ. कानूनमै पीडितलाई दोभाषे तथा निरन्तर निःशुल्क कानूनी सहायता र सुरक्षा उपलब्ध गराइने व्यवस्था गरिनुपर्ने ।

ङ. अब बन्ने कानूनमा यस अपराधको अभियोग लागेको अभियुक्तले नै आफ्नो निर्दोषिता सिद्ध गर्नुपर्ने कानूनी व्यवस्था राखिनु पर्दछ । साथै यस अपराधलाई निरपेक्ष दायित्वअन्तर्गत राखिनु पर्ने ।

च. मुद्दाको जाहेरीदेखि नै पीडितको संरक्षणको व्यवस्था हुनुपर्दछ । यस अपराधको अनुसन्धानमा सहयोग नगर्ने तथा जाहेरी लिन इन्कार गर्ने प्रहरीलाई पनि फौजदारी अपराध मानी सजायको व्यवस्था हुनुपर्दछ । यस अपराध घटेको जुनसुकै माध्यमबाट थाहा पाएपनि प्रहरीले तत्काल अनुसन्धान गर्नुपर्ने व्यवस्था गरिनु पर्दछ ।

छ. पीडितलाई न्यायिक प्रक्रियामा सम्बन्धित निकायसम्म पुगेर सहभागी हुन असमर्थ हुने बढी सम्भावना भएकोले अनिवार्य रूपमा भिडियो कन्फरेन्ससमार्फत अपराध पीडितको संवैधानिक तथा कानूनी हक सुरक्षित गरिनुपर्ने ।

**अन्त्यमा, सरकारको तर्फबाट तर्जुमा गर्न लागिएको अध्यादेशमा तेजाब तथा अग्निजन्य हिंसाबाट पीडित तथा प्रभावित नागरिक, यस क्षेत्रमा क्रियाशील सामाजिक संघ संस्था एवं नागरिक समाज र विषय बिज्ञ तथा अन्य सरोकारवाला निकाय समेतको राय सुझाव लिएर उक्त अध्यादेशलाई अन्तिम रूप दिन र ऐनको प्रभावकारी कार्यान्वयनमार्फत पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न समेत हार्दिक अनुरोध गर्दछौं ।**

**जानकारी तथा पहलका लागि अनुरोध गरिएका निकायहरू:**

- सम्माननीय प्रधानमन्त्रीज्यू, मार्फत : श्रीमान् मुख्य सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार
- सम्माननीय सभामुखज्यू, प्रतिनिधि सभा, मार्फतः सचिवज्यू, संघीय संसद, सिंहदरबार
- सम्मानीय अध्यक्षज्यू, राष्ट्रिय सभा, मार्फतः सचिवज्यू, संघीय संसद, सिंहदरबार
- माननीय मन्त्रीज्यू, गृह मन्त्रालय, सिंहदरवार
- माननीय मन्त्रीज्यू, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार
- माननीय मन्त्रीज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ
- माननीय सभापतिज्यू, कानून, न्याय तथा मानव अधिकार समिति, संघीय संसद, सिंहदरबार
- माननीय सभापतिज्यू, महिला तथा सामाजिक समिति, संघीय संसद, सिंहदरबार
- माननीय महान्यायधीवक्ताज्यू, महान्यायधिवक्ताको कार्यालय, सिंहदरबार

**एसीडजन्य हिंसा पीडितका तर्फबाटः**

श्री जेनी खडका, काठमाडौं

**कानून, न्याय तथा मानव अधिकारको क्षेत्रमा क्रियाशील सामाजिक संघ संस्थाको तर्फबाट :**

अधिवक्ता मोहनलाल आचार्य
कार्यकारी निर्देशक, जुरी- नेपाल

निराजन थपलिया
निर्देशक, एम्नेस्टी इन्टरनेसनल नेपाल

अधिवक्ता सविन श्रेष्ठ
कार्यकारी निर्देशक, महिला, कानून र विकास मञ्च

लुभराज न्यौपाने
कार्यकारी निर्देशक,
महिला पूर्नस्थापना केन्द्र

अधिवक्ता अनिता न्यौपाने थपलिया
कार्यकारी अध्यक्ष, कानूनी सहयोग तथा परामर्श केन्द्र

प्रतिक्षा गिरी
कार्यकारी निर्देशक,
B.V.S. Nepal